आज मिति २०८२ साल मंसिर महिनाको ०४ गतेका दिन बिहान ८ बजे निस्दी गाउँपालिका गाउँ कार्यपलिकाको ९६ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिहरु :-</u>

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. सदस्य श्री यम बहादुर राना
४. सदस्य श्री फत्ते सिं दर्लामी
५. सदस्य श्री नविन्द्र थापा सोती
६. सदस्य श्री सन्तविर सुनारी
७. सदस्य श्री दुर्गा बहादुर सोमै
८. सदस्य श्री मेख बहादुर सुनारी
९. सदस्य श्री मुक्त बहादुर पाटा
१०. सदस्य श्री हेम कुमारी सुनारी
११. सदस्य श्री देवीसरा सोमै
१२. सदस्य श्री मिम्श्री बयम्बु
१३. सदस्य श्री खुमीसरा पुलामी
१४. सदस्य श्री रिकलाल कामी
१५. सदस्य श्री खुम बहादुर वि.क.
१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

<u>अन्य सहयोगी कर्मचारी</u>

श्री रेम बहादुर दिशा
श्री नर बहादुर थापा
श्री लाल बहादुर खन्गाहा
श्री कमल प्रसाद सोती

मिति २०८२।०८।०४ गते बसेको निस्दी गाउँपालिकाको ९६ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,रोजगार संयोजकको पदपूर्ति समिति गठन सम्बन्धमा ।

३,विविध ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।०८।०४ गते बसेको निस्दी गाउँपालिकाको ९६ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१.प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ बमोजिम रोजगार संयोजकको पदपूर्ति गर्नको लागि देहाय बमोजिमको रोजगार पदपूर्ति समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक - उपसचिव श्री शेषकान्त पौडेल

सदस्य — सूचना प्रविधि अधिकृत श्री हरि आले

सदस्य सचिव — प्रमुख प्रशासकीय अधिकृत श्री पूर्ण बहादुर चितौरे

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क. मिति २०८२।०५।०७ गतेको अविरल वर्षा र चटयाङका कारण श्री जनकल्याण आधारभूत विद्यालयको सोलार ईन्भटर र कम्प्युटरमा क्षति पुर्याएकोले मर्मत खर्च वापतको रकम रु. ८४,७५०।— (अक्षरुपी चौरासी हजार सात सय पचास मात्र ) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. यस निस्दी गाउँपालिकाको यस आ.व.२०८२/०८३ को शिक्षा अन्तर्गतको शिक्षक -विद्यार्थी सम्मान कार्यक्रमको लागि गाउँसभाबाट विनियोजित रकम रु.२,५०,०००।— ले कार्यक्रम सम्पन्न गर्न नसकिने भएकोले अपुग रकम शिक्षा अन्तर्गतकै शिक्षा विविध शीर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग. यस निस्दी गाउँपालिका वडा नं.२ सहलकोटमा कार्यरत पशु प्राविधिक श्री ललिता के.सी. कामकाज सरुवा भई अन्यत्र गएकोले यस निस्दी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत पशु प्राविधिक श्री मुकेश कुमार यादवलाई कामकाजमा खटाउने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष